# हातहतियार खरखजाना (दोस्रो संशोधन) अध्यादेश, २०६४

नेपाल सरकार

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# <u>हातहतियार खरखजाना (दोस्रो संशोधन) अध्यादेश, २०६४</u>

प्रमाणिकरण र प्रकाशन मिति
२०६४।७।२०

सम्बत् २०६४ सालको अध्यादेश नं.२

हातहतियार खरखजाना ऐन, २०१९ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावनाः हातहतियार खरखजाना ऐन, २०१९ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल व्यवस्थापिका-संसदको अधिवेशन नभएकोले,

नेपाल सरकारले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ बमोजिम यो अध्यादेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः यो अध्यादेशको नाम “हातहतियार खरखजाना (दोस्रो संशोधन) अध्यादेश, २०६४” रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. हातहतियार खरखजाना ऐन, २०१९ मा संशोधनः हातहतियार खरखजाना ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (घ) मा रहेको "कार्तुस" भन्ने शब्द पछि ", कुनै पनि किसिमको विष्फोटक पदार्थ" भन्ने शब्दहरु थप गरिएका छन् ।

३. मूल ऐनको दफा ३ मा संशोधनः मूल ऐनको दफा ३ को,-

(१) उपदफा (१) मा रहेको "आफूसाथ राख्न" भन्ने शब्दहरु पछि "वा अन्य स्थानमा राख्न" भन्ने शब्दहरु थप गरिएका छन् ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपदफा (२) मा रहेको "आफूसाथ राख्न" भन्ने शब्दहरु पछि "वा अन्य स्थानमा राख्न" भन्ने शब्दहरु थप गरिएका छन् ।

४. <u>मूल ऐनको दफा २० मा संशोधनः</u> मूल ऐनको दफा २० को,-

(१) उपदफा (१) मा रहेका "एक्काईस हजार" भन्ने शब्दहरुको सट्टा "पचास हजार" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "२ वर्षसम्म कैद वा छ हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरुको सट्टा "तीन वर्षदेखि पाँच वर्षसम्म कैद वा पाँच हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (३) मा रहेका "६ महिनासम्म कैद वा पन्ध्र सय रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरुको सट्टा "छ महिनादेखि तीन वर्षसम्म कैद वा पाँच हजारदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरु राखिएका छन् ।

५. <u>मूल ऐनको दफा २१ मा संशोधनः</u> मूल ऐनको दफा २१ को,-

(१) उपदफा (१) मा रहेका "६ महिनासम्म कैद वा पन्ध्र सय रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरुको सट्टा "छ महिनादेखि तीन वर्षसम्म कैद वा पाँच हजारदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "२ महिनासम्म कैद वा पाँच सय रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरुको सट्टा "दुई महिनादेखि छ महिनासम्म कैद वा एक हजारदेखि पाँच

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरु राखिएका छन् ।

६. मूल ऐनमा दफा २४क. थप: मूल ऐनको दफा २४ पछि देहायको दफा २४क. थप गरिएको छः-

"२४क. थुनामा राखी कारबाही गर्ने: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको मुद्दाका अभियुक्तलाई पूर्पक्षका लागि थुनामा राखी कारबाही गर्नु पर्नेछ ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय